

कक्षाकोठाभित्र सबैभन्दा पहिला
बालबालिकाको क्षमता पहिचान गरौं।




क्षमता पहिचान गरिसकेपछि बालबालिकालाई नृत्य, गायन, चित्रकला, कथा/कविता
लेखन, वक्तृत्वकला, खेल आदि समूह बनाई सक्रिय बनाऔं।

# विद्यालय खुलेसम्म पढ्दा लेख्दाखेरि
# विद्यार्थीलाई सिकाउनु छ उनको रुचि हेरी।





हरेक बालबालिकाको पारिवारिक अवस्थाको
जानकारी लिऔं। उनीहरूलाई विभेद नगरी सबैलाई
समान व्यवहार गरी रमाई-रमाई सिकाऔं।



दृष्टिबिहीनलाई अडियो सुनाऔं।
ब्रेललिपि उपलब्ध गराऔं।
सुस्तश्रवणलाई संकेत र दृश्यद्वारा
सिकाऔं।




माटाका खेलौना, कठपुतली, कागजका पङ्खा,
काठका ढक, ढिकी, साना साना ढुङ्गाका गोटी,
विरुवाका पातबाट घरायसी सिकाइ सामग्रीहरु
बनाउन उत्प्रेरणा जगाऔं।




सिकाउँदा हरेक दिन फरक फरक तरिका अपनाऔं। खेल
खेलेर, गीत गाएर, नाचेर, अभिनय गरेर वा हँसाएर अथवा
प्रश्नोत्तर गराएर पढाऔं।




हरेक दिन वा हप्तामा गृहकार्य दिएर, परियोजना कार्य गराएर
अनि विद्यार्थीले आफूले आफैंलाई जाँच्नेगरी स्वमूल्याङ्कन गर्न
लगाएर उनीहरूको मूल्याङ्कन गराऔं।

Save the Children

आजको शिक्षा साप्ताहिक
AajakoShiksha.com

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर




बालबालिकालाई घर र विद्यालयमा उपलब्ध भएका स्वाध्ययन सामग्री प्रयोग गरेर घरैमा पठनपाठन गर्ने तरिकाहरू सिकाउन सकिन्छ।



अनलाइन अथवा फोनको सियुजी (क्लोज युजर ग्रुप)मार्फत् विद्यार्थीलाई प्रविधिका माध्यमबाट शिक्षण सिकाइ गर्न सकिन्छ।



शिक्षक आफैं 'मोवाइल'का रुपमा टोलटोलमा गई नानीबाबुहरुलाई परियोजना कार्य र गृहकार्य गराउन सकिन्छ।

# सिकाइ निरन्तरताका लागि शिक्षक नै विपत्का साथी




शिक्षकबाट अभिभावकलाई फोन गरेर घरैमा कसरी बालबालिकाको सिकाइलाई निरन्तरता दिने भन्नेबारे उपाय दिन सकिन्छ।



समुदायमा भएका माथिल्लो कक्षाका भाइबहिनीलाई परिचालन गरेर पनि बालबालिकाको सिकाइलाई निरन्तरता दिन सकिन्छ।







शिक्षक शिक्षकबिच 'शिक्षण सञ्जाल' बनाई शिक्षण कलासम्बन्धी जानकारी, तरिका र उपाय एक अर्कालाई बाँड्न सकिन्छ।




बालबालिकालाई मनोसामाजिक परामर्श दिनका लागि शिक्षकबाट सहयोग गर्न सकिन्छ।




ज्ञानवर्धक विविध किताबहरू सङ्कलन गरेर 'बुक बैङ्क' का रूपमा भण्डारण गर्ने र जुन विद्यार्थीलाई आवश्यक पर्छ, उपलब्ध गराउन सकिन्छ।

Save the Children

आजको शिक्षा साप्ताहिक
AajakoShiksha.com

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

poster 18x24 three.indd 2
12/27/2021 11:52:09 AM